# हरिपुर्वा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय हरिपुर्वा, सर्लाही

## प्रथम नगरसभाबाट पारित

## बजेट, निति तथा कार्यक्रम

## सार्वजानिकीकरण

## मितिः २०७४/१०/२६

# हरिपूर्वा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय हरिपूर्वा, सर्लाही
# प्रथम नगर सभाबाट पारित
# बजेट, नीति तथा कार्यक्रम
# सार्वजनिकीकरण

प्रमुख ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख तथा प्रतिनिधि ज्यूहरु, वडा अध्यक्ष,नगर कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु,विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,सुरक्षा निकायका प्रमुख तथा सुरक्षा कर्मीहरु, सञ्चार कर्मी ज्यूहरु, शिक्षक तथा बेद्धिजिवीहरु, व्यापारी तथा व्यवसायी ज्यूहरु, नागरिक समाज,राष्ट्रसेवक कर्मचारीहरु, किसान, मजदुर जगायत उपस्थित सम्पूर्ण नगरबासीहरु ।

सर्वप्रथम् राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा संघीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदान पूर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहितहरु प्रति हार्दिक श्रर्दा सुमन अपर्ण गर्दछु र प्रथम नगर सभाबाट पारित नगर विकास योजनाको बजेट तथा नीति कार्यक्रम सार्वजनिक समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकर गरी उपस्थित हुनु हुने समपूर्ण महानुभावहरुमा म मेरो व्यक्तिगत तर्फबाट र नगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहान्छु ।

यस सार्वजनिक समारोहमा प्रथम नगर सभाबाट पारित आ.व.२०७४/०७५ को नगर विकास योजना, बजेट तथा नीति कार्यक्रम यहाँहरुका समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको व्यहोरा निवेदन गर्न चाहान्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भई कार्यान्वयनको सुरुवातीको प्ररिपक्ष्य लोकतान्त्रिक शासन पद्धतिमा जनता नै सर्वोच्च अङ्ग भएको हुँदा शासन प्रक्रियामा जनतालाई सहभागी गराई जनता कै शासन स्थापित गर्न स्थानीय निर्वाचन भई स्थानीय सरकार गठन भई सकेको भएता पनि सक्षम र सवल नगरपालिका बनाई नगर क्षेत्रको विकास गर्नका लागि साधन र स्रोत परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित र समावेशी ढङ्गले नगरवासी समक्ष पुर्‍याउन जटिल र विषम परिस्थितीहरु हामी सामु विद्यमान छन् तर पनि सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु तथा नगरवासीहरुको उल्लेखीय सहयोग, सदभाव र सहकार्य भएमा विकास प्रक्रियालाई संस्थागत गर्न धेरै समय पर्खनु पर्दैन ।

संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारी संघ संस्थाहरुबाट यस नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदानहरु तथा आन्तरिक स्रोत साधनको उचित परिचालन तथा व्यवस्थापन गरी आदीवासी जनजाती, दलित, आर्थिक सामाजि रुपले पिछडी परेको वर्ग, मदेसी, मुस्लिम, अपाङ्ग, महिला, बालबालिका, जेष्ठ नागरिक लगायत समस्त नगरवासीको सहभागीता अभिवृद्धि गर्दै सन्तुलित, दिगो, गुणस्तरयुक्त विकास, जनमुखी, जवाफदेही, मितव्यायी एवम् पारदर्शी सेवा प्रदान गर्न यो नगरपालिका यहाँहरु समक्ष दृढ संकल्प गर्दछ ।

यस हरिपूर्वा नगरपालिका मानव संशाधन, आर्थिक तथा भौतिक साधन स्रोतले सम्पन्न नभए पनि नगरपालिकाको सानो जनशक्ति निर्वाचित जनप्रतिनिधिहरुको उत्साहजनक सहयोग, राजनैतिक दलहरुको जिम्मेवारीपूर्ण भूमिकाले वडाहरुबाट विकासको प्रत्याभूति हुने खाल्का वडा स्तरीय योजनाहरु तथा नगरस्तरीय योजनाहरु छनौट भएको हुनाले उक्त योजनाहरुलाई सफल पार्ने दायित्व नगरपालिका, निर्वाचित जनप्रतिनिधि, राजनैतिक दल तथा नगरबासीको काधँमा आएको हुनाले सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याएमा हरिपूर्वा नगरपालिका चाँडै नै समृद्धिको बाटोमा अगाडी बढ्ने छ ।

हरिपूर्वा नगरपालिकाले दिगो स्रोतको व्यवस्थापन तथा नयाँ स्रोतको पहिचान एवम् प्रवर्द्धन गरी राजस्व परिचालनमा जनसहभागिताको अभिवृद्धि गरी राजश्व संकलनमा जवाफदेहिता कायम गरिने र सूचना प्रवृत्तिमा नगरवासीको पहूँच अभिवृद्धि गर्न नगर सूचना केन्द्र स्थापना गरी प्रभावकारी रुपमा सेवा प्रदान गर्दै लागिने छ ।

आदर्णीय उपस्थित सम्पूर्ण महानुभावहरु अव म हरिपूर्वा नगरपालिकाको नगर सभाबाट पारित नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**नीति**

## १. राजश्व परिचालन सम्बन्धि नीति :

- करदाताहरुको सुविधालाई माध्यनजर गर्दै नगर कार्यपालिकामा राजश्व शाखा स्थापना गरी कम्प्युटर विलिङ्ग प्रणाली लागू गरिने छ । साथै वडा कार्यालयहरुको राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन कम्प्युटर विलिङ्ग प्रणाली लागू गरिदै लगिने छ ।
- राजश्व परिचालनमा जनसहचागितालाई प्रवर्द्धन गरी जवाफदेहिता र पारदर्शिता कायम गरिने छ ।
- आन्तरिक श्रोतको सम्भाव्यता अध्ययन गरि दिगो श्रोतको व्यवस्थापन गरिने छ ।
- राजश्व परामर्श समितिको सिफारिस अनुसार नगर कार्यपालिका तथा नगर सभाको निर्णय अनुसार राजश्वको दर रेट कायम गरी लागु गरिने छ ।
- उद्योग व्यवसाय तथा पसलहरु अनिबार्य रुपमा नगर कार्यपालिकामा दर्ता तथा नवीकरण गर्ने निती अवलम्वन गरिने छ ।

## २. भौतिक पुर्वाधार नीति :

- सहभागितामूलक योजना छनौट प्रक्रियाबाट छनौट भई आएका आयोजनाहरुलाई प्राथमिकताका आधारमा नगर विकास आयोजनामा समाबेश गरिने छ । यसरी आयोजना तोक्दा क्रमागत आयोजनाहरु र थोरै लगानीले धेरै प्रतिफल दिने आयोजनाहरुलाई आधार लिईने छ ।
- नगरपालिकाको रिङ्गरोड (चक्रपथ) निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिने छ ।

- उपभोक्ता समितिबाट सञ्चालन हुने सबै आयोजनाहरुमा अनिवार्य रुपमा कम्तीमा १५ % नगद लागत सहभागीता गरिने छ ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धिको लागी आवश्यक गोष्ठी तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- गरिबी न्यूनीकरणमा सहयोग पुग्ने स्वरोजगार सिर्जना हुने, रोजगारीका अवसरहरु बढ्ने, उत्पादनमूलक पुर्वाधारको विकास निर्माणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्न निजी, सरकारी तथा गैह्रसरकारी क्षेत्र र अन्य विकास साझेदारीसँग सहकार्य गरिने छ ।
- अपाङ्ग मैत्री, बाल मैत्री, महिला मैत्री संरचना निर्माणमा जोड दिईने छ ।
- नगरपालिकाले नगर प्रोफाईल चालु आ.व. ०७४/०७५ मा बनाई लागु गर्ने छ ।
- रु.२ लाख भन्दा माथिका आयोजनाहरु सञ्चालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी जानकारी गराउँने होडिङ्ग बोर्ड अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाईने छ ।
- हरिपुर्वा नगरपालिकाले आवधिक नगर विकास योजना, नगर यातायात गुरु योजना, भू-उपयोग नीति, बस्ती विकास योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, भवन निर्माण आचार संहिता र गरिबि न्यूनीकरण जस्ता योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
- नगर क्षेत्र भित्र अनियमित र अव्यवस्थित रुपमा जग्गा प्लटिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्न जग्गा प्लटिङ्ग सम्बन्धित विनियम तर्जुमा गरी लागु गरिने छ ।
- राज्य पुर्नसंचरना पछि स्थानीय तहमा समायोजन हुन आएका विषयगत शाखाहरुको व्यवस्थापन गरिँदै लगिने छ ।
- नगर कार्यापालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवन क्रमश निर्माण गरिँदै लगिने छ ।
- हरिपुर्वा नगरपालिकाले अतिथि सदन निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन गरी कार्य आरम्भ गरिदै लगिने छ ।
- नगरपालिका भित्र निर्माण गरिने घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिने छ ।
- भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई बस्ती विकास हुने क्षेत्रमा सडक ढल, खानेपानी, विद्युत जस्ता सुविधाहरुको वृद्धि गर्न स्रोत परिचालन गरिने छ ।
- हरिपुर्वा नगरपालिकाको पायक पर्ने स्थानमा घण्टाघर (Clock Tower) सहितको पार्क निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी उक्त टावर निर्माण कार्य अगाडी बढाईने छ ।

- हरिपुर्वा नगरपालिकाले Town Tower सहितको पार्क निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउँदै लगिने छ ।
- टोल तथा वडाबाट छनौट भइ आएका र नगर विकास योजनामा समावेश नभएका आयोजनाहरु नगर योजना बैंकमा राखि प्राथमिकताका आधारमा सञ्चालन गरिँदै लगिने छ ।
- सडक अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचनाहरु, सडकमा राखिएको गोबर, बाँधीएका चौपायाहरु, घाँस, पराल, निर्माण सामग्रीहरु हटाईने छ ।
- हरिपुर्वा नगरपालिकाको पायक पर्ने स्थानमा बस पार्क निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउँदै लगिने छ

## ३. सामाजिक विकास नीति :

- हरिपुर्वा नगर कार्यपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन हुने अयोजनाहरु सञ्चालनका लागि योजना कार्यविधि २०७४ निमार्ण गरी लागु गरिने छ । उक्त कार्यविधिमा व्यवस्था भए बमोजिम लक्षित समूह विकास कार्यक्रममा रकम विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिँदै लगिने छ ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालमैत्री नगरपालिका स्थापना गर्ने तथा बालश्रम उन्मुलन कार्यक्रम अगाडी बढाईने छ ।
- महिला अधिकार, महिला शशक्तिकरण, घरेलु हिंसा, HIV AIDS, महिला स्वास्थ्य आदि बारे जनचेतना अभिवृद्धि गरिने छ । सो कार्यको लागी गैह्र सरकारी संघ संस्थाहरुसँग सहकार्य गरी एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने तथा जेष्ठ नागरिक दिवासेवा केन्द्र स्थापनाको लागी आवश्यक व्यवस्था मिलाईने छ ।
- सामाजिक विकृतिका रुपमा रहेका जातीय छुवाछुत, दाइजो (दहेज) प्रथा, बाल विवाह जस्ता सामाजिक कु-संस्कारहरुको न्यूनीकरण गर्नको लागि जनचेतना अभिवृद्धि गरिदै लगिने छ ।

## ४. सु-शासन नीति :

- हरिपुर्वा नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्दा पारर्शिता, जवाफदेहिता, मितव्ययी, नियम संगत र सहभागितामूलक प्रक्रिया अवलम्वन गरिने छ । यसका लागी सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकीकरण, सार्वजनिक - सामाजिक लेखा परिक्षण तथा चौमासिक समिक्षा आदि विधिहरु अपनाईने छ ।

- नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तथा काम प्रति उत्प्रेरित गर्न समय समयमा अभिमूखिकरण तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराउँनुको साथै कर्मचारीको अनुशासन कायम राख्न दण्ड र पुरस्कारको नीति अवलम्वन गरिने छ ।
- सेवाग्राहीलाई सु-शासनको प्रत्याभुति दिन नगरपालिका, विषयगत शाखा, वडा कार्यालयहरुमा नागरिक बडापत्र राखिने छ र त्यसलाई समय सापेक्ष संसोधन गरि सो बमोजिम प्रभावकारी सेवा प्रदान गरिने छ ।
- जननिर्वाचित प्रतिनिधिहरुको कार्यमूल्याङ्गनको आधारमा उत्कृष्ट कार्य गर्ने प्रतिनिधिलाई सेवा पदकले सम्मान गरिने नीति लिईने छ ।
- हरिपुर्वा नगरपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सञ्चालन गरिने बिभिन्न क्रियाकलापहरु, नीति नियमहरु, कार्यविधि, कार्य आदेश, निर्देशिका, सूचना तथा आयोजनाको विवरण नगरपालिकाको Website मा राखिने छ ।
- नगरपालिकाले आफ्नो गतिविधिलाई समेटेर तयार पारिने विषयवस्तुहरु स्थानीय F.M. रेडियोमा प्रसारण गरिनुका साथै स्थानीय पत्र पत्रिकाहरुमा समेत प्रकाशन गरिने छ ।
- नगरपालिका तथा प्रत्येक वडा कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै मुस्कान सहितको सेवा प्रवाहको लागि  सहायता कक्ष (Help Desk) स्थापना गरिँदै लगिने छ ।
- निर्वाचित जनप्रतिनिधिहरुले नगरपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ को परिपालना गर्दै प्रचलित कानुन तथा नगर कार्यपालिका तथा नगर सभाले पारित गरेको नीति नियमको अधिनमा रहि जनतालाई सर्वसुलभ सेवा प्रदान गरिँदै लगिने छ ।
- स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सु-शासन युक्त स्थानीय शासनको प्रत्याभुति गरिँदै लगिने छ ।

## ५. शिक्षा, स्वास्थ्य, खेलकुद, खानेपानी, बन तथा वातावरण र सरसफाई नीति :

- जलवायु परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारीसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुल कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याइने छ ।
- वातावरणमैत्री विकास पूर्वाधार निर्माण तथा वातावरण प्रदुषण न्यूनीकरणमा जोड दिइने छ ।

- फोहोरमैला व्यवस्थापनको लागी नगर कार्यपालिका आफैँ वा अन्य स्थानीय तहसँगको सहकार्यमा दिगो Land Field Side को व्यवस्थापन गरिने छ।
- **“हाम्रो हरिपुर्वा स्वच्छ, सफा र राम्रो हरिपुर्वा”** भन्ने नारालाई कार्यान्वयन गर्न एक कार्यनीति बनाई लागु गरिने छ।
- हरिपुर्वा नगरपालिकालाई खुल्ला दिशा मुक्त घोषण गरिने छ यसका लागि विभिन्न संघ सस्थाहरुसंग सहकार्य गरिने छ।
- हरिपुर्वा नगरपालिका भित्रका बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिने छ।
- घुर बाल्ने प्रथाले वातावरण तथा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने र दैवी विपति निमत्याउने हुँदा उक्त घुर बाल्ने परम्परालाई बन्द गरिदै लगिने छ।
- हरिपुर्वा नगरपालिका भरि प्लाष्टिकको झोला प्रयोगलाई न्यूनिकरण गर्दै यसको प्रयोगमा पूर्ण रुपमा प्रतिवन्द लगाईने छ।
- स्वच्छ एवम् आधारभुत गुणस्तरीय खानेपानीको दिगो व्यवस्थापनको लागी हरिपुर्वा नगर गौरव खानेपानी आयोजना सञ्चालन गरिने छ।
- नगरपालिका क्षेत्र भित्रका खानेपानीका श्रोतहरुको संरक्षण तथा व्यवस्थापनमा विशेष जोड दिईने छ।
- सडक निर्माण गर्दा सडकको दुवै किनारा तर्फ वृक्षरोपण गर्ने नीति लिईने छ तथा Environment Management Plan - EMP बनाई कार्यान्वयनमा ल्याईने छ।
- आयुर्वेद चिकित्सा प्रणालीको प्रभावकारी विकास गरिँदै लगिने छ।
- **“योग गरौं निरोग बनौं।”**भन्ने नारालाई मूर्त रुप दिन सबै वडा केन्द्रमा योग शिविर सञ्चालन गरिने तथा नगर स्तरमा एक योग साधना केन्द्रको स्थापना गरिने छ।
- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा गाउँ घर क्लिनिक नभएको वडाहरुमा स्वास्थ्य संस्थाको स्थापना गर्ने र भैरहेका स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउँन व्यवस्थापन तथा सञ्चालन प्रक्रियामा सुधार गरिँदै लगिने छ।
- **“स्वास्थ्यको लागी खेलकुद, राष्ट्रको लागी खेलकुद”** भन्ने नारालाई मूर्त रुप दिन नगर खेलकुद विकास समिति गठन गरी खेलकुद विकास कार्यक्रमलाई प्रभावकारी बनाउँदै नगर स्तरीय खेलकुदको सञ्चालन गर्ने नीति लिईने छ।
- नगरपालिका क्षेत्रभित्र खेलकुद विकासका लागी कबर्ड हल तथा रङ्गशालाको स्थापना गरिने छ।
- हरिपुर्वा नगरपालिकाको शैक्षिक क्षेत्र सुधारका लागी शैक्षिक क्षेत्र सुधार कार्यक्रम निर्माण गरी लागू गरिने छ।

- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा स्तर उन्नतीको लागि विकास साझेदारीसँग समन्वय गरी श्रोतको व्यवस्थापन गरिने छ ।
- नगरका सबै विद्यालयहरुमा स्रोत साझेदारी गरी पुस्तकालय तथा विज्ञान प्रयोशाला स्थापना गर्ने नीति अवलम्वन गरिने छ ।
- नगर बासीहरुलाई सुसुचित गर्नको लागि नगर सूचना केन्द्र तथा हरिपुर्वा सामुदायिक पुस्तकालयको स्थापना गरिने छ ।
- साक्षर नगरपालिका घोषण गर्नको लागि सामुदायिक अध्ययन केन्द्रहरुलाई सक्रिय बनाइ निरन्तर शिक्षाको अवसर तथा पहुँच सुनिश्चित गरिने छ ।
- हरिपुर्वा नगरपालिका भित्र रहेका स्रोत केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरिने नीति लिइने छ ।
- मानव जीवनमा गम्भीर असर पुऱ्याउने ध्वनि प्रदूषणलाई न्यूनीकरण गरिँदै लगिने छ ।

## ६. पर्यटन तथा संस्कृति नीति :

- हरिपुर्वा नगरपालिका क्षेत्रभित्र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरुको पहिचान गरि पर्यटन प्रवर्द्धन गरिँदै लगिने छ ।
- धार्मिक तथा पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरुको पहिचान अनुसारको पर्यटन प्रवर्द्धन गरिँदै लगिने छ ।
- नगर क्षेत्रभित्रका मठ - मन्दिर, पाटी - पौवा, वौद्ध, चैत्य - गुम्बा, मस्जीतहरुलाई संरक्षण तथा मर्मत सम्भार गरी धार्मिक तथा पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानको रुपमा विकास गरिँदै लगिने छ ।
- पुरातात्विक महत्व बोकेको गुठी तथा  मन्दिरहरुको जिर्णोउद्धार गरि धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरिने छ ।
- नगर क्षेत्रभित्र परम्परा देखि सञ्चालन हुँदै आएको मौलिक कला, संस्कृति, भाषाहरुको संरक्षण र सम्वर्द्धन गरिँदै लगिने छ ।
- नगर क्षेत्रभित्रका धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिएका चिज वस्तुहरु संरक्षण र सम्वर्द्धनका लागी हरिपुर्वा संग्रहालयको स्थापना गरि पर्यटन प्रवर्द्धन गरिने छ ।

## ७. विद्युत तथा वैकल्पिक उर्जा नीतिः

- हरिपुर्वा नगरपालिका क्षेत्रभित्र विद्युत नपुगेका वडाहरु तथा बस्तीहरुमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण कार्य अगाडि बढाईने छ ।
- हरिपुर्वा नगरपालिकाको बजार क्षेत्रहरुमा सौर्य सडक बत्ती व्यवस्थापनको कार्यलाई स्थानीय सरोकारवालाहरुको सहभागीतामा अगाडि बढाईने छ ।

- घर - घरबाट निष्किने धुँवालाई व्यवस्थापन गर्नको लागी सुधारीएको चुलो कार्यक्रम तथा वायो ग्याँस प्लान्ट निर्माण कार्यलाई लागत सहभागितामा सञ्चालन गरिने छ ।
- उज्यालो शहर कार्यक्रमको कार्यनीति बनाई प्रभावकारी रुपमा लागु गरिँदै लगिने छ ।
- घर निर्माण सँगै सौर्य उर्जा जडान कार्यक्रम सञ्चालन गरिने छ ।

## ८. कृषि तथा पशु विकास नीतिः

- निर्वाहमूखी खेतीप्रणालीलाई व्यवसायिक कृषि प्रणाली तथा आर्गेनिक कृषि प्रणाली तर्फ उन्मूख गरिँदै लगिने छ ।
- कृषि व्यवसायलाई जीवनको आधार निर्माण गर्नको लागि बेमौसमी खेती, पकेट क्षेत्र, ब्लक क्षेत्र निर्माण तथा कृषि व्यवसायलाई पवर्द्धन गर्नका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासंग सहकार्य एवं समन्वय गरिने छ ।
- स्वस्थकर मासु खान पाउँने उपभोक्ताको अधिकारको संरक्षण गर्नको लागी मासु व्यवसायलाई व्यवस्थित गर्नको लागि बजार लाग्ने क्षेत्रहरुमा व्यवस्थित पशु बधशाला निर्माण तथा सञ्चालन गरिने छ ।
- सहकारी खेती, सामुहिक खेती प्रणलीलाई प्रोत्साहन गरिने नीति लिइने छ ।
- कृषि बस्तुको बजारीकरण गर्नको लागि गोदाम घर र चिस्यान केन्द्र निर्माण गरिने नीति लिइने छ ।
- गोठ सुधार कार्यक्रमलाई अभियानको रुपमा अघि वढाइने नीति लिइने छ ।
- आधुनिक खेती प्रणालीका लागि विभिन्न वडाहरुमा आवश्यक तालिम तथा गोष्ठीको आयोजना गरिने छ ।
- हरिपुर्वा नगरपालिकाका उत्कृष्ठ किसान तथा कृषि फर्म, कृषि सहकारी, कृषि समुहका सदस्यहरुलाई कृषि  भ्रमण कार्यक्रममा लैजाने नीति लिइने छ ।
- एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- माछा पालन व्यवसायलाई प्रभाकारी रुपमा अगाडी बढाउने नीति लिइने छ ।
- नगरपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा केराखेती गर्ने किसानहरुलाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिने छ ।
- मल्चिङ्ग कृषि प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

## ९. गरीवी न्युनीकरण तथा उद्यमशील विकास नीति :

- गरिवी न्यूनीकरणका लागि नगरपालिकाका सबै घरधुरीहरुको सामाजिक नक्सांकन तथा घरधुरीहरुको पहिचान गरि गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

- **"गाउँ गाउँ सहकारी घर घरमा रोजगारी**" भन्ने नारालाई मूर्तरुप दिइन एक वडा एक कृषि सहकारी गठन गर्न वडाहरुमा सचेतना गर्दै किसानहरुलाई आवद्ध गर्ने नीति लिइने छ ।
- सबै टोल विकास संस्थाहरुमा बचत तथा ऋण परिचालनको कार्यक्रम सञ्चालन गरिने छ । साथै प्रत्येक वडामा गठन भएका टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरिँदै लगिने छ ।
- उद्यमशिलता विकासका लागी घरेलु कार्यालय तथा उद्योग वाणिज्य संघको सहकार्यमा उद्यमशिलता तालिम, गोष्ठी, सेमिनारको आयोजना गरिने छ ।
- स्थानीय घरेलु तथा कुटिर उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।
- विपन्न महिलाहरुका लागि जिविकोपार्जन सुधारका गर्न विभिन्न प्रकार विकास साझेदार संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी उद्यमशील कार्यक्रम संचालन गरिने छ ।

आदर्णीय नगरबासी महानुभावहरु नगरपालिकाको विकास तथा समृद्धिका लागि जुन नीति प्रस्तुत गरेको छु उक्त नीति अनुसार नगरपालिकालाई सक्षम, सबल, मितव्यायी, पारदर्शी, सेवामुखी, जवाफदेहि बनाउनको लागि यहाँहरुको महत्वपूर्ण भूमिका रहने हुनाले सबैबाट सहयोगको अपेक्षा गर्दछ । साथै अव म आ.व.२०७४/०७५ को संक्षिप्त बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नेपालको संविधान २०७२ लागू भई कार्यान्वयनको अवस्थासंगै राज्य पूर्नसंरचनाको अवधारणा अनुसार भरखरै स्थापना भएको हरिपूर्वा नगरपालिकाको दिगो विकासको लागि आन्तरिक स्रोत, साधनको व्यवस्थापन तथा उचित प्रयोग विना नगरपालिका समृद्ध नहुने र हाल सम्म आन्तरिक राजश्व संकलनको उचित प्रवर्द्धन तथा व्यवस्थापन नभएकोले यसै आ.व. २०७४/०७५ देखि राजश्व परार्मश समितिको सिफारिसमा तथा नगर सभाबाट पारित राजश्व लागू गरी आन्तरिक आय तर्फ रु.१,५०,५१,२७४/ अनुमानित आय प्रक्षेपण गरिको छु ।

सम्पूर्ण उपस्थित महानुभावहरु नगरको वृहत्तर विकासको लागि भरखरै जन्मिएको तथा आन्तरिक स्रोत र साधनको भरपूर व्यवस्था भई नसकेको अवस्थामा विदेशी सरकार, दातृ निकाय, विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरु, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त अनुदान रु.२९,४८,१४,२०५/७१ आय प्रक्षेपण गरेको छु । उक्त आन्तरिक आय तथा नेपाल सरकारबाट प्राप्त अनुदान गरी आ.व. २०७४/०७५ को कुल अनुमानित आय रु.३०,९८,६५,४७९/७१ प्रक्षेपण गरेको छु ।

आदर्णीय नगरबासी महानुभावहरु नगरपालिकाको आ.व.२०७४/०७५ को आय तर्फ प्रस्तावित अनुमानित कुल रकम **रु.३०,९८,६५,४७९/७१** को व्यवस्थित परिचालन, परिमाणमुखी, सेवामुखी, प्रतिफलयुक्त ढङ्गले व्यवस्थापन नगरेको खण्डमा हामी निर्वाचित जनप्रतिनिधिहरु तथा आम नगरवासीहरुको विकासको लक्ष्य सफन नहुने भएको हुँदा उक्त अनुमानित आयलाई मितव्यायी रुपमा तपशिल बमोजिम पेश गरेको छु साथै सो व्याय तर्फको अनुमान प्रस्तुत गर्ने

अनुमति चाहान्छु । मैले आ.व. २०७४/०७५ को चालु खर्च तर्फ रु.४,५७,७०,५००/ कार्यालय संचालन तथा व्यवस्थापन खर्च छुट्याएको छु । रु.४,४५,१७०००/ सामाजिक सुरक्षा भत्ता तर्फ राखेको छु, । रु.४,६७,३१०००/ सर्शत अनुदान तर्फ राखिएको छ । वडागत चालु खर्च तर्फ रु.१९०९६७४/ विनियोजन गरेको छु । त्यसैगरी आन्तरिक तर्फ रु. **८१५१२७४**/ विनियोजन गरेको छु । रु. १४,७३०००/ पोषण तर्फ विनियोजन गरेको छु । विषयगत शाखाको कार्यक्रम खर्च तर्फ रु.१,००,००,०००/ राखेको छु । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु.४,६०,०००/विनियोजन गरेको छु । कार्यालय तथा वडा कार्यालय व्यवस्थापनका लागि रु.६५,०१,२०५.७१ राखेको छु । सबै गरी चालु खर्च तर्फ रु. **१६,५५,१३,६५३**/७१ विनियोजन गरेको छु ।

अव म पूँजीगत खर्च तर्फको अनुमानित व्यय प्रस्तुत गर्न चाहान्छु । आन्तरिक तर्फ रु ६९,००,०००/ अनुमानित खर्च प्रक्षेपण गरेको छु । रु.६,१६,३९,७७३/ वडागत पूँजीगत खर्च तर्फ विनियोजन गरेको छु । रु.४,००,००,०००/ नगरस्तरीय योजनामा खर्च हुने गरी राखेको छु । संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा विभिन्न संघ संस्था एवं कार्यालयहरुसंग साझेदारी कार्यक्रम तर्फ रु.२,००,००,०००/ विनियोजन गरेको छु । आयोजना तथा योजनामा उपभोक्ताको अपनत्व सिर्जना गर्न लागत सहभागिता तर्फ रु.१,१२,००,०००/ छुट्याएको छु । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु.६,००,०००/ विनियोजन गरेको छु । योजना व्यवस्थापन खर्च तर्फ रु.३७६२०५४/राखेको छु । गत आ.व.को योजना व्यवस्थापन खर्च रु.२,५०,०००/ राखेको छु । सबै गरी पूँजीगत खर्च तर्फ कुल **रु. १४,४३,५१,८२६**/ विनियोजन गरेको छु ।

अन्त्यमा हरिपूर्वा नगरपालिकाको उन्नति र प्रगतिको सकारात्मक परिवर्तनका लागि अहोरात्र सहयोग पुऱ्याउनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथिहरु, अतिथिहरु, नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, नगर सभाका सम्पूर्ण सदस्यहरु, रमजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न कार्यालयबाट पाल्नु हुने प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मीहरु, बुद्धिजिबी तथा शिक्षकहरु, उद्योगी, व्यापारी, नागरिक समाज, सुरक्षा कर्मी, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, किसान, मजदुर लगायत यस बजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा उपस्थित सम्पूर्ण नगरबासी महानुभावहरुलाई मेरो व्यक्तिगत तर्फबाट र नगरपालिकाको तर्फबाट आभार प्रकट गर्दै आगामी दिनमा पनि यहाँहरुको अटुट सहयोगको अपेक्षा राख्दछु ।

जय हरिपूर्वा

प्रस्तुतकर्ता
सियाराम राय
नगर प्रमुख
हरिपूर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
सर्लाही, नेपाल